अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८३।०७।१६ गते।

प्रेस विज्ञप्ति

विषयः आरोपपत्र दायर गरिएको।

भूमिसुधार विभाग अन्तर्गतका भूमिसुधार तथा मालपोत कार्यालयहरूमा कार्यरत यदुनाथ आचार्यले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज यदुनाथ आचार्य जिल्ला विकास समितिको कार्यालय, खोटाङमा गा.वि.स. सचिव, रा.प.अनं. द्वितीय श्रेणी पदमा सुरू नियुक्ती मिति २०५४/१०/०२ गतेदेखि सरकारी/सार्वजनिक पदमा बहाल रहेकोसमेत मिति २०८०/०८/२१ गते सम्मको अवधिलाई अनुसन्धानको जाँच अवधि कायम गरी निज र निजको एकाघरको परिवार/सगोलमा रहेका व्यक्तिहरूको उपरोक्त अवधिमा विभिन्न आयका स्रोतहरूबाट कानुनी रूपमा **(Lawfully obtained)** आर्जन गरेका आयहरूलाई आयका रूपमा र सोही अवधिमा निजहरूले विभिन्न शीर्षकहरूमा गरेको प्रमाणित **(Verified)** खर्चहरूलाई व्ययका रूपमा गणना गरी विश्लेषण गर्दा निजको आयतर्फ निज यदुनाथ आचार्यको पारिश्रमिक/तलबभत्ता, श्रीमती ललिता राजभण्डारीको पारिश्रमिक बचत, घरजग्ग बिक्री आय, बैंक तथा वित्तीय संस्थाबाट ऋण कर्जा आय, बैना रकम फिर्ता आय, कृषि आय र व्याज आय गरी जम्मा **रू.६,२५,६३,३४५/४८ (छ करोड पच्चिस लाख त्रिसठ्ठी हजार तीन सय पैंतालिस रूपैयाँ र अठचालिस पैसा)** वैधानिक आय गरेको, त्यसैगरी, सोही जाँच अवधिमा निजको व्ययतर्फ जग्गा खरिद, घरजग्गा खरिद, रजिष्ट्रेशन दस्तुर भुक्तानी, पुँजीगत लाभकर भुक्तानी, हलेसी डिपार्टमेन्ट स्टोर प्रा.लि. मा लगानी, जग्गा खरिद बैना भुक्तानी विभिन्न व्यक्तिहरूलाई ऋण सापटी दिएको, सवारी साधन खरिद, अध्ययन खर्च भुक्तानी, शेयर खरिद, बैंक तथा वित्तीय संस्थाको ऋण सापटी भुक्तानी, बैंक मौज्दात र फ्रिज दराज खरिद गरी जम्मा **रू.१५,९८,३५,३३५/३१ (पन्ध्र करोड अन्ठानब्बे लाख पैंतिस हजार तीन सय पैंतिस रूपैयाँ र एकतिस पैसा)** बराबरको सम्पत्ति खर्च तथा लगानी गरेको देखिएकोले निज यदुनाथ आचार्यको जाँच अवधिको कुल आयबाट कुल व्यय घटाउँदा **रू.९,७२,७१,९८९/८३ (नौ करोड बहत्तर लाख एकहत्तर हजार नौ सय उनानब्बे रूपैयाँ र त्रियासी पैसा) बराबर गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० बमोजिमको कसुरजन्य कार्य गरेको पुष्टि भयो।**

साथै जिल्ला काठमाडौं, का.म.न.पा-१० स्थित कि.नं. २२२ को घरजग्गा खरिद लगानी, जिल्ला काठमाडौं, का.म.न.पा-३५ कि.नं. १९४ को घरजग्गा खरिद बिक्री, हलेसी डिपार्टमेन्ट स्टोर प्रा.लि. लाई भुक्तानी गरेको रकम, जिल्ला काठमाडौं, गोठाटार गा.बि.स.-७ कि.नं. ५०२ र कि.नं. ५१८ का जग्गा खरिद प्रयोजनार्थ बैना भुक्तानी रकम तथा बैना फिर्ता रकम, घरजग्गा कारोबारी भिम बहादुर राईबाट रत्नकाजी प्रजापतिमार्फत प्राप्त रकम, भिष्म गड्तौलाको नामबाट शेयर खरिदबिक्री प्रयोजनार्थ लगानी रकम, जिल्ला मोरङ, विराटनगर उ.म.न.पा-७ कि.नं. २०६ को जग्गा खरिदबिक्री, जिल्ला मोरङ, टंकिसिनवारी-१ कि.नं. ४०६१ को जग्गा खरिद बिक्री, घरजग्गा कारोबारी भिम बहादुर राईसँगको आर्थिक लेनदेन कारोबार, लोकनाथ आचार्यसँगको आर्थिक लेनदेन कारोबार र घरजग्गा कारोबारी तुलसी प्रसाद पोखरेलसँगको आर्थिक लेनदेन कारोबारसमेतका

विभिन्न शीर्षकहरूमा प्रतिवादी यदुनाथ आचार्यले अन्य प्रतिवादीहरूसँगको संलग्नतामा आपराधिक क्रियाकलापबाट आर्जित रू.८,२६,२०,२७४/६७ **(आठ करोड छब्बिस लाख बीस हजार दुई सय चौहत्तर रूपैया सत्सठ्ठी पैसा)** सम्पत्तिलाई स्थापन (PLACEMENT), तहीकरण (LAYERING) र एकीकरण (INTEGRATION) जस्ता कार्यहरू गरी गराई विगो **रू.९,१९,८४,५७६.१९ (नौ करोड उन्नाइस लाख चौरासी हजार पाँच सय छयहत्तर रूपैयाँ र पैसा उन्नाइस)** बराबरको सम्पत्ति शुद्धीकरणसमेतको कसुरजन्य कार्य गरी **सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३** बमोजिमको कसुर गरेको वारदात स्थापित भएकोले उल्लेखित दुवै कसुरको सम्बन्धमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ ।

देहायः-

क . गैरकानुनी सम्पत्ति आर्जनतर्फः

क्र.सं.	**नाम/थर पद कार्यालय**	**बिगो**	**कसुर तथा सजायको माग दाबी**
१	मालपोत कार्यालय, भक्तपुरका नायब सुब्बा **यदुनाथ आचार्य**	रू.९,७२,७१,९८९/८३	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेध गरिएबमोजिमको कसुमा बिगो नौ करोड बहत्तर लाख एकहत्तर हजार नौ सय उनानब्बे रूपैयाँ र पैसा त्रियासी कायम गरी सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद र जरिवाना हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा सोही ऐनको, दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय गरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत एवम् जरिवाना हुन तथा सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ऐ. ऐनको दफा २९ को उपदफा (२) र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२), सोही ऐनको दफा २० को उपदफा (२), ऐ. ऐनको दफा ४७, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. लगायतको प्रचलित कानुनबमोजिम सम्पत्ति जफत/असुल उपर हुन मागदाबी लिइएको छ।
२	निज यदुनाथ आचार्यको श्रीमती **ललिता राजभण्डारी**	रू.९,७२,७१,९८९/८३	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवम् निषेध गरिएबमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको हुँदा बिगो नौ करोड बहत्तर लाख एकहत्तर हजार नौ सय उनानब्बे रूपैयाँ र त्रियासी पैसा कायम गरी मुख्य कसुरदारलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन,

			२०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजायलाई आधारमानी सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ समेतको प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुनका साथै सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग र दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति जफत/असुल हुन मागदाबी लिइएको छ।
३	**निज यदुनाथ आचार्यको छोरी निलु आचार्य**	-	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतको प्रचलित कानुन बमोजिम सम्पत्ति **जफत प्रयोजनार्थ मात्र प्रतिवादी कायम गरिएको छ।**
४	**निज यदुनाथ आचार्यको छोरी सरू आचार्य**	-	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतको प्रचलित कानुन बमोजिम सम्पत्ति **जफत प्रयोजनार्थ मात्र प्रतिवादी कायम गरिएको छ।**
५	जिल्ला भक्तपुर, मध्यपुर ठिमी न.पा., वडा नं. ०२, दिव्यश्वरी बस्ने **प्रभा बस्नेत र** जिल्ला काठमाडौं, का.म.न.पा., वडा नं. ३२, पेप्सीकोला बस्ने **कुमारी कटुवाल**	**रू.३८,८६,१८२/०८**	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवम् निषेध गरिएबमोजिमको कसुरजन्य कार्यको नगद तथा अन्य गैरकानुनी लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेको हुँदा बिगो **अठ्तीस लाख छयासी हजार एक सय बयासी रूपैयाँ र आठ पैसा** कायम गरी मुख्य कसुरदारलाई सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिमको कैद र जरिवाना सजाय हुने सजायलाई आधारमानी सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६क. र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ समेतको प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुनका साथै सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग र दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्तिबाट बिगो जफत/असुल हुन मागदाबी लिइएको छ।

ख . आपराधिक कार्यबाट आर्जित सम्पत्तिको सम्पत्ति शद्धीकरण सम्बन्धी कसुरसमेत गरेको सम्बन्धमा थप मागदाबी :

क्र.स	नाम/थर	बिगो	कसुर तथा सजायको मागदाबी
१	**यदुनाथ आचार्य**	रू.९,१९,८४,५७६/१९	सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय खण्ड (क), (ख), (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) ले परिभाषित कसुर भएको हुँदा निज प्रतिवादीलाई बिगो नौ करोड उन्नाइस लाख चौरासी हजार पाँच सय छयहत्तर रूपैयाँ र उन्नाइस पैसा कायम गरी सोही ऐनको दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन, निज राष्ट्रसेवक कर्मचारीसमेत रहेकोले दफा ३० को उपदफा (७) बमोजिम उल्लिखित सजायमा थप दश प्रतिशत सजायसमेत हुन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) लगायतको प्रचलित कानुनबमोजिम सम्पत्ति जफत/असुल हुन मागदाबी लिइएको छ।
२	**ललिता राजभण्डारी**	रू.९,१९,८४,५७६/१९	सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) को परिभाषित कसुरको मतसल्लाह तथा मतियार भई निजको उक्त कार्य सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिम तथा दफा ३ को उपदफा (३) परिभाषित कसुर भएको हुँदा बिगो नौ करोड उन्नाइस लाख चौरासी हजार पाँच सय छयहत्तर रूपैयाँ र उन्नाइस पैसा कायम गरी सोही ऐनको दफा ३० को उपदफा (२) बमोजिम सजाय हुन साथै, सोही ऐनको दफा ३४ को उपदफा (१) लगायतको प्रचलित कानुनबमोजिम सम्पत्ति जफत/असुल हुन मागदाबी लिइएको छ।
३	**प्रभा बस्नेत र कुमारी कटुवाल**	**रू.३८,८६,१८२/०८**	सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क), (ख) र (ग) बमोजिम तथा दफा ३ को उपदफा (३) को परिभाषित कसुरको मतसल्लाह तथा मतियार भई प्रतिवादीहरूले सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिम तथा दफा ३ को उपदफा (३) परिभाषित कसुर गरेकोले बिगो अठ्तीस लाख छयासी हजार एक सय बयासी रूपैया आठ पैसा सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० को उपदफा (२) बमोजिम सजाय हुन, साथै सोही ऐनको दफा ३४ को उपदफा (१) लगायतको प्रचलित कानुन बमोजिम सम्पत्ति जफत/असुल हुन मागदाबी लिइएको छ।

प्रवक्ता
सुरेश न्यौपाने

गैरकानुनी सम्पत्ति आर्जन र सम्पत्ति शुद्धीकरणको विस्तृत चार्ट बिश्लेषण निम्नानुसार छः

क. जिल्ला काठमाडौं नगर-१० को कि.न. २२२ को घरजग्गा खरिद लगानीमा सम्पत्ति शुद्धीकरण गरेको सम्वन्धमाः

चार्ट नं. १



यदुनाथ आचार्य



श्रीमती ललिता राजभण्डारी

यदुनाथ आचार्यको एभरेष्ट बैंक लि.को खाता बाटः
- मिति २०७८/१०/२४ गते चेक न. ४६१३५८६२ मार्फत रू ८०,००,०००।-
- मिति २०७८।१२।१५ गते चेक न.४६१३५८६६ बाट रू ५०,००,०००।
- मिति २०७९।०२।१३ गते चेक न.४६१३५८६९ बाट रू १,००,००,०००।
- मिति २०७९।०२।१३ गते चेक न.४६१३५८७० बाट रू ३२,००,०००।—
- मिति २०७९।०३।७ गते चेक न.४९२४०९६३ बाट रू ५८,००,०००।-

राष्ट्रिय बाणिज्य बैंक लि.को खाताबाटःमिति २०७९।०२।१३ गते चेक न.३९२९५०४२ बाट रू २४,००,०००।—नेपाल इन्भेष्टमेन्ट बैंक लि. को खाताबाटः मिति२०७९।०२।१३ गते चेक न.३०१८७४९५९८ बाट रू ४४,००,०००।-



मिति २०७९।०१।२९ गते नगदै यदुनाथ आचार्यले नगदै रू १०,००,०००।-



यदुनाथ आचार्यले मिति २०७९।०३।३० गते कि.न. २२२ को गरजग्गा खरिद बापत लाभकर (घर धनिको तर्फबाट) राजश्व रु. १३,५२,४६१।-



placement

तहिकरण (layering)



गोविन्द श्रेष्ठको नाममा नबिल बैंक लि. को खाता



जग्गा बिक्रीकर्ता गोबिन्द श्रेष्ठ



नगद भुक्तानी
(विभिन्न मितिमा)

placement



जग्गा व्यवसायी भिम बहादुर राई

भिमबहादुर राईको राष्ट्रिय बाणिज्य बैंक लि. को खाताबाटः
- मिति २०७९।०१।२७ गते चेक न.७९५८७८२८ बाट रू ४०,००,०००।—
- मिति २०७९।०२।३० गते चेक न.७९५९२७८४ बाट रू १०,००,०००।-



तहिकरण (layering)



काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. -१० मा रहेको कि.न. २२२ को घर र जग्गा ललिताराज भन्डारीको नाममा रजिष्ट्रेशन पास गरिएको

यदुनाथ आचार्यको एभरेष्ट बैंक लि. को खाताको चेक न.४९२४०९६३ बाट मिति २०७९।०३।७ गते रू ५८,००,०००।-



placement



श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क.लि.

तहिकरण (layering)



नवराज घिमिरे



श्रीमती ललिता राजभण्डारी

INTREGRATION

ख. जिल्ला काठमाडौ, काठमाडौ नगर -३२ को कि.न. १९४ जग्गा खरिद बिक्री सम्बन्धी कारोबारको सम्पत्ति शुद्धीकरण गरेको सम्वन्धमाः

चार्ट नं. २



यदुनाथ आचार्य

यदुनाथ आचार्यको नाममा रहेको सानिमा बैंक लि. खाताबाट खरिद लगानी भुक्तानी

- मिति २०७३।०१।१४ गते रु.३६,५०,०००।—
- मिति २०७३।०२।२० गते रु.४३,९५,०००।-

मिति २०७३/०२/२० गते नगद रु.२७,००,०००।- (सत्ताइस लाख)

(जम्मा भुक्तानी रु.१,१५,००,०००।- रकम मध्ये गैरकानुनी सम्पत्ति/कसुरजन्य सम्पत्ति रू.७६,३४,०५१.५९ भुक्तानी भएको)

PLACEMENT







तारा ढुङ्गानाका श्रीमान मदन कुमार आचार्यलाई चेक मार्फत भुक्तानी

LAYERING



जग्गा धनि कि.न. १९४ को जग्गा बिक्रीकर्ता तारा ढुङ्गाना



मिति २०७३/०२/२० गते जिल्ला काठमाडौं, काठमाडौं नगर-३५ स्थित कि.नं. कि.नं. १९४ को बनेको २.५ तल्लाको घर यदुनाथ आचार्य र ललिता राज भन्डारीको नाममा रजिष्ट्रेशन पास

LAYERING

मिति २०७८/१०/३ गते कि.न. १९४ को जग्गा बिक्री



जग्गा खरिदकर्ता बिवेक पाण्डे

निज बिवेक पाण्डे, टिकाराम शर्मा र रोशन आझा मार्फत रू १ करोड ५० लाख प्राप्त



ललिता राजभण्डारीको नेपाल ईन्भेष्टमेन्ट बैङ्कको खातामा रकम जम्मा

INTEGRATION

गैरकानुनी सम्पत्तिबाट सम्पत्ति सुद्धिकरण गरी बढे बढाएको रकम रू १,००,४६,०५१।- (एक करोड छयालिस हजार एकाउन्न)

यदुनाथ आचार्यले कि.न. १९४ को जग्गा खरिद गर्दा जम्मा खरिद मुल्य १ करोड १५ लाखलाई लुकाई लिखतमा मुल्य रु.४४,०५,००० उल्लेख गरी बाँकी रू.७०,९५,०००।— (सत्तरी लाख पन्चानब्बे हजार) रकम अधिक भुक्तानी गरेको । भुक्तानी रकम मध्ये पनि रु.७७,८८,२२६.५९ (सतहतर लाख अठासी हजार दुई सय छब्बिस रुपैयाँ र पैसा पाँच नौ)को स्रोत खुल्दैन । जस अनुसार गैरकानुनीसम्पत्ति आर्जनबाट प्राप्त रकमको स्रोत लुकाई छलि जग्गाखरिदमा placement गरि बिभिन्न तहमा layering गरी रु.१,५०,००,०००।— बिक्री गरी Integration (प्राप्ति) गरेको देखिएकोमा सुरु लगानीमा स्रोत नखुलेको प्रतिशत बरबरको बिक्री आय रु.**१,००,४६,०५१।**—लाई सम्पत्ति शुद्दीकरणको कसूर कायम गरिएको ।

ग. यदुनाथ आचार्यले हलेसी डिपार्टमेन्ट स्टोर प्रा.लि.मा गरिएको लगानीको क्रममा भएको सम्पत्ति शुद्धीकरण गरेको सम्वन्धमा :

चार्ट नं. ३



PLACEMENT





मिति २०८०/०६/०६ गते एभरेष्ट बैंक लि. खाताको चेक नं.००५०४६७८०४बाट रु.४५,००,०००।— (पैतालिस लाख)



हलेसी डिपार्टमेन्ट स्टोर प्रा.लि. को माछापुच्छ्रे बैंक लि. मा रहेको खातामा रकम जम्मा



प्रभा बस्नेत र कुमारी कटुवालको नाममा दर्ता रहेको हलेशी डिपार्टमेन्ट स्टोर प्रा.लि. भक्तपुर

LAYERING



हाल हलेसी डिपार्टमेन्ट स्टोरलाई निस्क्रिय पारी राखेको ।

INTRGRATION



हलेशी मार्ट प्रा.लि. को नाममा नँया डिपार्टमेन्ट स्टोर दर्ता



हलेशी मार्ट प्रा.लि. मा निजको श्रीमती ललिता राजभण्डारीलाई मेनेजर पदमा नियुक्ती

घ. **जिल्ला काठमाडौं गोठाटार गा.बि.स. वडा नं. ७ को कि.नं. ५०२ र कि.नं. ५१८ को जग्गा खरिद प्रयोजनार्थ बैना रकम भुक्तानी कार्यमा भएको सम्पत्ति शुद्धीकरण सम्बन्धी कसुरको चार्ट**

चार्ट नं. ४



नगद भुक्तानी

placement



जग्गा व्यवसायी भिम बहादुर राई

भिमबहादुर राईको राष्ट्रिय बाणिज्य बैंक लि. को खाता

- मिति २०७६/०९/१४ गते रु.२०,००,०००।— (बिस लाख)
- मिति २०७६/०९/१३ गते रु.७०,००,०००।— (सत्तरी लाख)





गोकर्ण बस्नेत

(जग्गा व्यवसायी तथा पारामाउन्टबाट अधिकार प्राप्त)

layering

layering



यदुनाथ आचार्य

मिति २०७६/०९/१३ गते यदुनाथ आचार्य आफैले नगद रु.१७,००,०००।— (सत्र लाख)

मिति २०७६/०८/०९ गते नगद रु.१०,००,०००।— (दश लाख)

मिति २०७८/०३/२२ (२०२१ जुलाई १४) गते यदुनाथ आचार्यको राष्ट्रिय वाणिज्य बैंक लि. खाताको चेक नं. ३९२९५०४० बाट रु.३०,००,०००।— (तीस लाख)

प्रतिवादी यदुनाथ आचार **समेत**लाई जम्मा रू.२,५१,५ **एकाउन्न लाख** **करण**

गरेको बि

चार्ट नं. ५







पारामाउण्ट ह्याविट्याट कम्पनी (कुमारी बैङ्क)



मिति २०७८/१०/०६ गते नबिल बैङ्कको लि. को खाता बाट रु.१,१०,५०,०००।– (एक करोड दश लाख पचास हजार



ललिता राजभण्डारी

ललिता राजभण्डारीले नेपाल इन्भेष्टमेन्ट बैंक लि. खाता

- मिति २०७८/०३/३० गते रु.६,००,०००।— (छ लाख)
- मिति २०७८/०३/३० गते रु.४,००,०००।—(चार लाख)



layering

layering

placement

Integratio





राजन ढुङ्गेल

(दिपक कुमार भट्टराईको साथी)



सानिमा बैंक लि. खाताबाट

क. मिति २०७९/०२/११ रु.३८,००,०००।–


ख. मिति २०७९/०१/१५ रु.२०,००,०००।–

जम्मा प्राप्त रकम रू रु.१,६८,५०,०००।— (एक करोड अर्सट्ठी लाख पचास हजार) मध्ये गैर कानुनी आर्जनबाट बढे बढाएको सम्पत्ति रू रु.१,२०,६४,६००।— (एक करोड बीस लाख ललिता राजभण्डारीले नेपाल इन्भेष्टमेन्ट बैंक लि.

Integratio

ङ. प्रतिवादी यदुनाथ आचार्यले जग्गा व्यवसायी भिम बहादुर राई (दिनेश राई समेत)लाई जम्मा रू.२,५१,५६,५००।–(दुई करोड एकाउन्न लाख छपन्न हजार पाँच सैंय)रकम लगानी गरी सम्पत्ति शुद्धीकरण गरेको बिवरण

चार्ट नं. ५



च. यदुनाथ आचार्यीले तुलशी प्रसाद पोखरेललाई ऋण सापटी दिएको विवरणमा सम्पत्ति शुद्धीकरण

चार्ट नं. ६



यदुनाथ आचार्य

तुलसी प्रसाद पोखरेलको नाममा रहेको सिटिजन्स बैंक इन्टरनेशनल लि. खाता माजम्मा :

- मिति २०७२/१२/११) गते रु.५,००,०००।- (पाँच लाख) *(प्रसन्न सापकोटाको नामबाट)*
- मिति २०७२/१२/११ गते रु.१०,००,०००।- (दश लाख)*(गोपाल भट्टराईको नामबाट)*
- मिति २०७२/१२/११ गते रु.४,००,०००।- (चार लाख)(नितेश शर्माको नामबाट)
- मिति २०७२/१२/१२ गते रु.१,००,०००।- (एक लाख)*(गोपाल भट्टराईको नामबाट)*
- मिति २०७२/१२/३० मा रु.१०,००,०००।- (दश लाख)(नितेश शर्माको नामबाट)

PLACEMENT

BANK



व्यवसायी तुलसी प्रसाद पोखरेल

LAYERING

२०७३/०२/१३ गते रु.५९,००,०००।– (उनान्साठी लाख) र ऐ. मितिमा रु.२०,००,०००।–(बीस लाख) गरी जम्मा रु.७९,००,०००।– (उनान्असी लाख)

उल्लेखित रकम मध्ये २३.५२% को मात्रको स्रोत खुलेकोले सोही अनुसार आय कायम गरी बाकी रू ६०,४१,९२० लाई सुद्धीकरणको बिगो कायम गरिएको

BANK

सानिमा बैंक लि. खातामा


INTREGATION



यदुनाथ आचार्य सम्पत्ति सुद्धिकरण गरी रू ६०,४१,९२० रकम प्राप्त गरेको

छ.यदुनाथ आचार्यले श्रीमती ललिता राजभण्डारीमार्फत लोकनाथ आचार्यलाई ऋण सापटी दिएको शिर्षकमा तहिकरण गरेको सम्वन्धमा

चार्ट नं. ७



ज.भिष्म गड्तौला मार्फत सेयरमा लगानी गर्दा भएको तहिकरण

चार्ट नं. ८



यदनाथ आचार्य



नगदै रकम फिर्ता

(रू. १० लाख फिर्ता गरेको मध्ये सुरू स्रोत नखुलेको/गैरकानुनी आर्जन रु.८,३८,७८४.६३ (आठ लाख अठ्तीस हजार सात सय



राष्ट्रिय वाणिज्य बैंक लि. खातामा

PLACEMENT



रू १० लाखको राष्ट्रिय वाणिज्य बैंकको चेक नं. ३९२९५०३९ को चेक

(रू. १० लाख स्रोत नखुलेको/गैरकानुनी आर्जन रु.८,३८,७८४.६३ (आठ लाख अर्तिस हजार



इम्पेरियल सेक्युरिटिज क लि

LAYERING



भिष्म गड्तौलाको ब्रोकर खाता न. (२०१९०४२१४८)





सेयर बजारमा भिष्म गड्तौलाद्वरा बिभिन्न कम्पनिको सेकेन्डरी सेयर खरिद

बिभिन्न कम्पनीको सेयर भिष्म गड्तौलाको खातामा



भिष्म गड्तौलाद्वारा खरिद सेयर बिक्री

झ.जिल्ला मोरङ, टंकिसिनवारी-१ख स्थित रहेको कि.नं. ४०६१, क्षेत्रफल ०-१-० को जग्गा खरिद बिक्रीमा भएको तहिकरण

चार्ट नं. ९



मिति २०७१/०१/२२ गते
रु.८,२४,०००।— (आठ लाख चौबिस हजार)

PLACEMENT



जग्गा बिक्री कर्ता महेश कुमार
राठी

LAYERING



जिल्ला मोरङ, टंकिसिनवारी-१ख स्थित रहेको कि.नं. ४०६१, क्षेत्रफल ०-१-० को जग्गा मिति २०७१/०१/२२ गते यदुनाथ आचार्यको नाममा रजिष्ट्रेशन पास

LAYERING



शरिता देवि शाह

यदुनाथ आचार्यले रू.८,२४,०००।— (आठ लाख चौबिस हजार)
गैरकानुनी सम्पत्ति PLACEMENT गरी रु.७५ लाख प्राप्त गरेको



INTREGATION



यदुनाथ आचार्य

ञ.जिल्ला मोरङ, बिराटनगर उ.म.न.पा.-७, कि.नं. २०६, क्षेत्रफल २०३१.७८ ब.मि को जग्गा खरिद बिक्रीको विवरण:(Layering)

चार्ट नं. १०



यदुनाथ आचार्य

PLACEM ENT



झनकुमारी निरौलालाई रु.२०,३८,८९९ (बीस लाख अड्तिस हजार आठ सय उनान्सय) भुक्तानी



जग्गा बिक्री कर्ता झनकुमारी निरौला

LAYERIN



मिति २०७६-०३-३० गते मोरङ, बिराटनगर उ.म.न.पा.-७, कि.नं. २०६, क्षेत्रफल २०३१.७८ ब.मि को


LAYERIN




दुधकोशी बचत तथा ऋण सहकारीमा ऋणको

LAYERIN

मिति २०७६/१०/०२ मा जग्गा रोक्का



निजामती किताबखानामा मिति २०७६/०४/२६ गते पेश गरेको २०७४/७५ को सम्पत्तिबिवरणमा उल्लेख भएको बिवरण (ऋण



मिति २०८०/०९/२५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पेश गरेको बिवरण

सम्पत्तिको सुद्धिकरण गर्ने नियतले दुधकोशी बचत तथा ऋण सहकारीमा ऋणको प्रक्रिया सुरू गरी निज यदुनाथ आचार्यले ऋण रकम नलिएको *(ऐ. सहकारीको च.न. ०९/८१/८२ मिति २०८१/०४/११को पत्रबाट खुलेको)*। केवल गैर कानुनी रुपमा आर्जित सम्पत्तिको स्रोत लुकाउने उदेश्यले साधिकार निकायमा झुट्टा स्रोत उल्लेख गरेको देखिन्छ। निज यदुनाथ आचार्यले २०७५/१०/०२ गते ऋणको प्रक्रिया सुरु गरेको तर मिति

LAYERIN

ऋषभ भट्टराईबाट मिति २०७७/१०/२६ गते रु.१०,००,०००।-.

LAYERIN



अस्मिता सवेदी



मुना देवी अधिकारी

जग्गा खरिदकर्ता



नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. खाता

सुमन आचार्यले बाट मिति २०७७/१२/२५ गते



यदुनाथ आचार्यको राष्ट्रिय वाणिज्य बैंक लि. खातामा

यदुनाथ आचार्यले रू रु.२०,३८,८९९ गैरकानुनी सम्पत्ति PLACEMENT गरी रु.६०

INTREGATIO

ट.रत्नकाजी प्रजापति सँगको कारोबारमा सम्पत्ति शुद्धीकरण

चार्ट नं. ११



रु.५० लाख

PLACEMENT



भिम वहादुर राई



जिल्ला भक्तपुर नखेल न-५ कि.न. ३२६ र जिल्ला भक्तपुर गुन्डु -३ को कि.न. ६७७ को जग्गा

LAYERING



जग्गा खरिदकर्ता रत्नकाजी प्रजापती

LAYERING



रत्नकाजी प्रजापतिको नामको सिटिजन्स बैंक इन्टरनेशनल लि.को खातामा



मिति २०७९/०३/१९चेक नं.००१९३८१७३३ को रु.५०,००,०००।– (पचास लाख)

LAYERING



यदुनाथ आचर्यको नाममा रहेको एभरेष्ट बैंक लि. खातामा

INTREGATION



यदुनाथ आचार्य

PLACEMENT